प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-१० ● २०८१ असोज ०७ गते सोमबार, ● 23 September, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरको पालुङ शहरमा मनाइयो इन्द्रजात्रा

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिकाको ऐतिहासिक सँस्कृतिक शहर पालुङमा १ असोजमा भव्यताकासाथ इन्द्रजात्रा पर्व मनाइएको छ । एक विशेष समारोकाबीच पालुङमा परम्परागत इन्द्रजात्रा मनाइएको हो । वर्षा र सहकालका देवता देवराज ईन्द्रको पुजा अरधना गरी पालुङमा ईन्द्रजात्रा मनाइन्छ । प्रत्येक वर्ष पालुङ शहरमा भाद्र शुक्ल चतुर्दशीका दिन पर्ने यो पर्व मनाईंदै आएको छ ।

थाहा नगरपालिकासंगै सीमाना जोडिएको काठमाण्डौमा भने इन्द्रजात्राको अवसरमा १ असोजमा सार्वजनिक विदा समेत दिइएको थियो । यद्यपि काठमाण्डौ उपत्यकाको सार्वजनिक विदाले थाहानगरको पालुङलाई छुन सकेन । पालुङमा मनाइने इन्द्रजात्रालाई सरकारले महत्व दिने गरेको छैन । राष्ट्रपति तथा प्रधानमन्त्री लगायत विशिष्ट व्यक्तिहरुको सहभागिता रहने काठमाण्डौको जस्तै शैलीमा पालुङमा पनि इन्द्रजात्रा मनाउने परम्परा रहेको छ ।

पालुङको जात्रा लाग्ने स्थल थाहा नगरपालिका वडा नम्बर २ मा पर्दछ । १ असोजमा भएको इन्द्रजात्रामा २ नम्बर वडाका वडाध्यक्ष बम बहमदुर सिन्तानको समेत अनुपस्थिती रहेकोप्रति



स्थानीयहरुले गुनासो गरेका थिए । पालिका उपप्रमुख भरत गोपाली चाहिँ जात्रा अवलोकनका लागि पुगेका थिए । पालुङको डबलीमा आयोजित इन्द्रजात्रामा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, ३ नम्बर वडाध्यक्ष हिरेन्द्र कुमार रायमाझी, कृषि शाखा प्रमुख संजय तिवारी, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख सविन बाबु अर्याल, शिखर क्लबका अध्यक्ष विश्व अर्याल, फरक सोचका अध्यक्ष यादवजंग रायमाझी तथा पालिकाका कर्मचारीको सहभागिता थियो ।

पालुङमा तृतीयाका दिन विधिपूर्वक देवतालाई बोकाको भोक दिएर पुजाआजा गरी गणेश, इन्द्रायणी, भैरव, बाराही र कुमारीको नाच पालुङ शहरको डबलीमा नचाउने चलन छ । स्थानीय पुजारी सम्पूर्ण श्रेष्ठले ईन्द्रायणीको पुजा गरी देवतालाई भित्र्याएपछि अब एकैचोटि अर्को वर्षको गठेमङ्गलमा मात्र निकाल्न मिल्ने परम्परा रहेको छ ।

संस्कृति र परम्परा जोगाउनका लागि पालिका र स्थानीयहरुले सहयोग र सहकार्य गर्नु आवश्यक रहेका इन्द्रायणी कालाभैरब गुठीका अध्यक्ष श्यामभक्त श्रेष्ठले बताए ।

### यसरी मनाइन्छ पालुङ शहरमा 'इन्द्रजात्रा'

इन्द्रजात्राको दिन विहान सबैले घर घरबाट पुजा लानुपर्छ । गाउँको बिचमा ढुङ्गे धाराकै आडमा फल्चा छ । स्थानीयहरू सबैले त्यही पुजा लिएर पुग्छन् । पुजामा घरैपिच्छे पाँचवटा देवीलाई ५ वटा अण्डा लग्ने पर्छ । छ्याङ पनि लाने गरिन्छ । समयबजी भुटेर र फलफूल राखेर लानुपर्छ । पालुङमा कालाभैरव गुठी छ । जात्रामा पुजारी नेवारहरू नै हुन्छन् । पुजारीहरू विहानैदेखि भोकै बसेका हुन्छन् । इन्द्रजात्राको अवसरमा १ असोज दिउसो ३ बजेदेखि लाखे, ख्यो, राजारानी नचाइन्छ ।

पालुङ डबली आउनु अघि मान्छेमा देउता जगाइन्छ । उनीहरू कामिरहेको हुन्छन् । उनीहरूलाई ल्याएर मुकुट लगाइन्छ । अनि १ घण्टा बढि डबलीमै

बाँकी पेज ६ मा

## चित्लाङ स्वास्थ्य चौकी स्थान्तरण, नयाँ भवनबाट सेवा शुरु



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ मा रहेको चित्लाङ स्वास्थ्य चौकी नयाँ भवनमा स्थान्तरण भएको छ । ९ नम्बर वडाको माझगाउँमा रहेको स्वास्थ्य चौकी टुप्पीखेल स्थित नयाँ भवनमा स्थान्तरण गरिएको हो । भवन निर्माण सम्पन्न भएसंगै साँझेदार संस्था च्वाइस नेपालले २७ वैशाख, २०८१ मा नगरपालिकालाई हस्तान्तरण गरेको थियो । सो अवसरमा नवनिर्मित भवनको उद्घाटन समेत गरिएको थियो ।

भवन निर्माण भई पालिकालाई हस्तान्तरण भएपछि थाहा नगरपालिकाले नयाँ भवनबाट सेवा प्रवाह गर्नका लागि ३० साउनमा स्वास्थ्य चौकीलाई परिपत्र गरिएको थियो । स्वास्थ्य चौकी नयाँ भवनमा स्थान्तरण गर्ने क्रममा १७ भाद्रमा केही स्थानीयहरूले असहमती जनाएको भएपनि ५ असोजमा सहमती जनाइ नयाँ भवनमा स्थान्तरण गरिएको हो । नयाँ भवनबाट सेवा प्रवाह गर्ने विषयमा ३१ भाद्रमा थाहानगर प्रमुख विष्णु बहादुर विष्ट, उपप्रमुख भरत गोपाली तथा नगर स्थित राजनतिक दलका प्रमुखहरू र सरोकारवालाहरुबीच नगरपालिकामा छलफल भएको थियो ।

लामो समयदेखि चित्लाङ स्थित माझगाउँमा संचालनमा रहेको स्वास्थ्य चौकी भवन मापदण्ड अनुसार नभएकोले च्वाइस नेपालको सहयोगमा मापदण्ड अनुसार भवन निर्माण गरी स्थान्तरण गरिएको थाहा नगरपालिका स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए । 'स्वास्थ्य चौकी भवन परिसर साँघुरो हुँदा, कोभिड संक्रमणका बेला निकै संकट बेहोर्नु परेको थियो, अब नयाँ भवनमा स्थान्तरण भएसंगै यस्ता आपतकालिन समयमा व्यवस्थापन सहज हुन्छ'-शाखा प्रमुख बलामीले भने । मापदण्डसहितको नवनिर्मित १४ कोठे

बाँकी पेज ६ मा

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

थाहा नगरपालिका

थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरुले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रुपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।



## खानाको स्वच्छताको लागि ध्यान दिनुपर्ने कुराहरु




थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

विकास खबरपत्रिका साप्ताहिक www.bikaskhabar.com
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७१५३३००
२०८१ असोज ०७ गते सोमबार, 23 Sep., 2024, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# • सम्पादकीय •

## प्रजनन् अधिकार बारे उदासिन संघ, प्रदेश र स्थानीय सरकार

नेपालमा महिलाको प्रजनन स्वास्थ्य अवस्था अझै पनि कमजोर छ । सबै गर्भवतीले आइरन चक्की नखाएको, उमेर नपुग्दै आमा बनेको, बच्चालाई पूर्ण स्तनपान गराउन नसकेको, कम उमेरमै गर्भपतन तथा गर्भपतनपछि पनि परिवार नियोजनका साधनको कम प्रयोग गर्ने जस्ता समस्या अझै धेरै छन् । सरकारी मात्रै नभएर गैरसरकारी क्षेत्रबाट समेत आमा स्वास्थ्यका लागि कार्यक्रम हुँदै आए पनि तल्लो तहसम्म यी समस्या अझै हल हुन सकेका छैनन् । शारीरिक र मानसिकरुपमा परिपक्व नभई विवाह गर्दा, सन्तान जन्माउँदा स्वास्थ्य समस्या आउँछन् । यही कुरा मध्यनजर गरेर नै विवाहका लागि २० वर्ष उमेर तोकिएको छ तर पनि समाजमा अझै बालविवाह रोकिएको छैन । बालविवाहले निम्त्याउने समस्याको बारेमा धेरै अभिभावकलाई जानकारी छैन । उमेर नपुग्दै हुने विवाहले शारीरिक तथा मानसिक रोगको शिकार हुने, स्वास्थ्य र शिक्षाको अधिकार गुमाउने, घरमा विभेद र घरेलु हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नुपर्ने, कम उमेरमा सन्तान जन्माउँदा आमा र शिशुको मृत्यु हुने जोखिम उच्च हुन्छ भने अपांगता भएका सन्तान जन्मन सक्ने भएकोले परिपक्व नभई विवाह गर्न नहुने स्वास्थ्य क्षेत्रका जानकारहरुले बताउँदै आएका छन् ।

नेपालको संविधानले प्रजनन स्वास्थ्यलाई मौलिक अधिकारका रुपमा संवैधानिक संरक्षण प्रदान गरेको छ । त्यस्तै सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, स्वास्थ्य नीतिलगायतले प्रजनन स्वास्थ्य अधिकारलाई कानुनीरुपमा व्यवस्थित गरेको छ । संघ, प्रदेश तथा स्थानीय सरकारले प्रजनन स्वास्थ्यलाई महत्व दिएर कार्यक्रम बनाएको दाबी पनि गर्दै आएका छन् । तर तीनै तहका सरकारले प्राथमिकताका साथ ल्याएको भनिएको प्रजनन स्वास्थ्य कार्यक्रमबारे नागरिक तहसम्म पर्याप्त सूचना पुग्न सकेको छैन । कतिलाई यसबारे थाहा नै छैन भने कतिपय सेवा प्रवाहमा कमी देखिएको छ । गर्भपतन सेवा, प्रजनन स्वास्थ्य अधिकारका क्षेत्रमा प्रवाह भइरहेका सेवाबारे जनस्तरमा आवश्यक सूचना समेत पुग्न सकेको छैन । मकवानपुरको थाहानगरले घरमै सुत्केरी हुँदा आमा र शिशु दुबैको स्वास्थ्यमा आउने प्रतिकूलता अन्त्य गर्न 'जिरो होम डेलिभरी'को लक्ष्य तय गरेरै काम गरिरहेको छ । १२ मध्ये ११ वटा वडा 'जिरो होम डेलिभरी' घोषणा गरिसकेको छ । थाहामा जिल्लामै अरु स्थानीय तहको तुलनामा सबैभन्दा बढि बर्थिङ सेन्टर छन् । प्रजनन स्वास्थ्यले मानिसको प्रजनन प्रणाली, स्वस्थ प्रजनन अंगहरु, प्रजनन र यौन सम्बन्धी सम्पूर्ण विषयहरु बुझाउँछ । प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्व महिलाको सुविधाको विषय मात्र होइन । यो त महिलाको अधिकार र राज्यको दायित्वको विषय हो । एउटी महिला आमा बन्नु भनेको उसले आफ्ना लागि सन्तान जन्माउनु मात्र होइन, देशका लागि नागरिक जन्माउनु पनि हो ।

यसर्थ पनि सुरक्षित मातृत्व तथा प्रजनन सेवा लिन पाउनु महिलाको अधिकार हो भने भरपर्दो सेवा दिनु सरकारको दायित्व हो । व्यक्तिको प्रजनन स्वास्थ्य र गर्भजन्य अवस्थाको सुरक्षाका लागि विद्यमान स्वास्थ्य सेवामा सुधार नितान्त जरुरी छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा


| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# आर्थिक सुधारका लागि पर्यटन विकास



◆ के.बी. बस्नेत

आज विश्वको अर्थतन्त्र शिथिल अवस्थामा रहेकोले नेपाल पनि यसबाट अछूतो रहन सकेको छैन । हाल यहाँका बैंकहरूमा पैसा थुप्रिएका भए पनि यहाँका उद्यमी व्यवसायीहरूले चाहेजति ऋण लिई विभिन्न व्यवसाय सञ्चालन गरी मुनाफा गरेर बैंकको ऋण तिर्ने अवस्था छैन । फलतः यहाँको अर्थतन्त्र चलायमान हुन सकेको छैन । हुन त हाल यहाँको आयात केही घटेको छ । तर आयातभन्दा निर्यात बढी घटेकाले यहाँको अर्थतन्त्र सन्तोषजनक अवस्थामा छैन ।

यहाँ विगतमा जस्तै चालु खर्च बढे पनि पुँजीगत खर्च तथा राजस्व अपेक्षाअनुरूप बढाउन सकिएको छैन । यहाँ विभिन्न विकास कार्यहरू सञ्चालन गर्न आवश्यक वैदेशिक ऋण लिन सरकारले नै ऋण लिनुपरेको छ । यस तथ्यबाट यहाँको अर्थतन्त्र संङ्कटमा रहेको प्रतीत हुन्छ । यस्तो अवस्थामा आर्थिक सुधारको लागि पर्यटन विकासले महत्वपूर्ण भूमिका खेल्न सक्छ । आज पर्यटकहरू विश्वका विभिन्न देशमा मनोरञ्जन एवं अध्ययन अनुसन्धानका लागि भ्रमण गर्छन् । यसरी भ्रमण गर्दा उनीहरूलाई आनन्द मात्र प्राप्त हुँदैन ज्ञानोपार्जन पनि हुन्छ । कोभिड-१९ को महामारीपछि विश्वको पर्यटन उद्योग केही खस्किए पनि यसबाट हुने वार्षिक आम्दानी सरदर आठ सय अर्ब डलर छ । जसमध्ये नेपाललगायत अन्य दक्षिण एसियाली देशहरूले एक प्रतिशत मात्र आर्जन गर्छन् । केही वर्षयता छिमेकी राष्ट्र चीनले उक्त उद्योगबाट निकै फाइदा प्राप्त गर्न थालेको छ ।

हाल विश्वमा हवाई यातायातको धेरै विकास भएको छ । यस्तो यातायातका साधन छिटोछरितो एवं आरामदायक भएकाले धेरैजसो पर्यटकहरू वायु सेवा रूचाउँछन् । यही कारणले सन् १९९० को दशकदेखि हवाई सेवा रूचाउने पर्यटकहरूको संख्या प्रचुर मात्रामा बढेको छ । एक आधिकारिक तथ्याङ्कअनुसार विश्वका डेढ अर्ब पर्यटकहरू हवाई मार्गबाट भ्रमण गर्छन् । यसले हवाई यातायात विकासको शुभ संकेत गर्छ । वर्तमान समयमा एसिया र प्रशान्त क्षेत्रका हवाई सेवा कम्पनीहरूले आफ्ना पारवहन क्षमता १० प्रतिशत बढाएका छन् । विश्वव्यापी अनुमानअनुसार यी कम्पनीहरूले सम्पूर्ण पर्यटकहरूमध्ये झण्डै ८० प्रतिशतलाई सेवा प्रदान गरी प्रशस्त आम्दानी गर्छन । यसबाट पर्यटन उद्योगको प्रवर्द्धनमा ठूलो सघाउ पुगेको छ ।

हाल विश्वको विभिन्न देशमा आवतजावत गर्ने पर्यटकहरूको संख्या तीव्र रूपले बढि रहेको छ । त्यसैले यी देशहरूमा उजागर नभएका भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक आदि तथ्यहरू पत्ता लगाई प्रचार-प्रसार गर्ने प्रतिस्पर्धा बढिरहेको छ । भौगोलिक विविधताको सम्बन्धमा नेपाल अन्य देशहरूको तुलनामा कम छैन । यहाँ विश्वकै उच्च हिमशिखर ८ हजार आठ सय ४८ मिटरको उचाइमा अवस्थित सगरमाथालगायत आठ हजार मिटर माथिका आठ वटा हिमाल छन । यसबाहेक यहाँ मधेश र समथर मैदान, भित्री मधेश, स-साना मैदान, उपत्यका, टार र खोँचहरू प्रशस्त छन् । यिनीहरूले पर्यटकहरूलाई आकृष्ट गर्छन् ।

भूगोलविद्हरूका अनुसार नेपालले विश्वको कुल भू-भागको शून्य दशमलव शून्य एक प्रतिशत भूमि ओगटेको छ भने एसिया महादेशको शून्य दशमलव तीन प्रतिशत भूभाग ओगटेको छ । जहाँ प्रशस्त मात्रामा प्राकृतिक चीजहरू पाइन्छन् । जसले पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्छन् । नेपाल विभिन्न किसिमका जडीबुटीजन्य वनस्पतिको लागि प्रसिद्ध छ । सन् १९७० देखि सन् १९८० सम्म गरिएको एक अध्ययनअनुसार यहाँ पाँच हजार ६७ प्रकारका वनस्पति छन् । जसको हालसम्म पनि उपयुक्त किसिमबाट सदुपयोग गर्न सकिएको छैन । यिनीहरूको संरक्षण गर्न सकेमा भविष्यमा यहाँ आउने पर्यटकहरूको संख्या निकै नै बढ्ने कुरा नकार्न सकिँदैन ।

वस्तुतः नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधताको सङ्गमस्थल हो । यहाँको सांस्कृतिक एवं धार्मिक विरासत शताब्दीऔँ पुराना मात्र नभई अनुपम पनि मानिन्छ । यहाँको समाजको संरचना विभिन्न जातजाति, धर्म, संस्कार र संस्कृतिको महत्वपूर्ण समझदारी एवं सहकार्यमा जीवन्त रहेको छ । यहाँका संस्कार, दिनचर्या र सहिष्णुता अन्य देशहरूको लागि उदाहरणीय मात्र नभई अनुकरणीय पनि हुन सक्छन् ।

यहाँ विद्यमान विभिन्न जातजाति तथा समुदायको पहिचान र रहनसहन उनीहरूको नाचबाट प्रतिविम्बित हुन्छन् । योबाहेक उक्त सम्बन्धमा यहाँको कला, शिल्प, लोकगीत, बाध्यवादन, भाषा, साहित्य, दर्शन, धर्म, उत्सव, खाना र पेयपदार्थहरूबाट पनि मुखरित हुन्छन् । विश्वमा एक ठूलो उद्योगको रूपमा अंगीकार गरिएको पर्यटन उद्योग नेपाल सरकारको प्राथमिकतामा हालसम्म पनि पर्न नसक्नु विडम्बना हो । वास्तवमा उक्त उद्योगको विकासका लागि यहाँका प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको सम्वर्द्धन तथा प्रवर्द्धन गर्न आवश्यक छ । खर्चको हिसाबले नेपाल एक सस्तो देश मानिन्छ । तर, प्रचार-प्रसारको कमीले यहाँ सोचेअनुरूप पर्यटकहरू आउँदैनन । वस्तुतः नेपाल अविकृत चीजहरूले भरिएको एक स्वतन्त्र देश हो । जहाँ प्रकृतिलाई नजिकबाट नियालेर हेर्न सकिन्छ । यहाँ पदयात्रा, जलयात्रा, तालतलैया विहार, प्याराग्लाईडिङ, बन्जी जम्पिङ, जङ्गल सफारी, गुफाको यात्रा आदि गर्न सकिने भएकाले प्रत्येक वर्ष प्रचुर मात्रामा पर्यटकहरूलाई आकर्षण गर्न सकिन्छ ।

हाम्रो पुर्खाले आर्जेका र प्रकृतिले दिएको प्रचुर सम्पदाको सदुपयोग गर्नसके भविष्यमा नेपालमा पर्यटन उद्योगबाट धेरै फाइदा लिन सकिन्छ । परन्तु, यसका लागि यहाँको राजनीतिक नेतृत्वमा दूरदर्शी सोच एवं दृढ इच्छाशक्तिको आवश्यकता छ । भविष्यमा यहाँको ठोस पर्यटन विकासका लागि एकातिर ऐतिहासिक पर्यटकीयस्थल, गढी, किल्ला, दरबार आदिको सम्बन्धमा व्यापक प्रचार-प्रसार गर्न आवश्यक छ भने अर्कोतिर संरक्षण एवं सहज पहुँचका लागि व्यवस्था गर्न पनि उत्तिकै जरूरी छ । योबाहेक यहाँ पर्वतीय पयर्टन, ग्रामीण पर्यटन, स्वास्थ्य पर्यटन, कृषि पर्यटन, खेल पर्यटन आदिको विकास गर्न पनि आवश्यक छ ।

यथार्थतः नेपाल एक कमजोर आर्थिक अवस्था भएका देश हुनाले यही आधुनिक संरचनाको विकास गरी बढी पर्यटकहरू आकृष्ट गर्न सम्भव छैन । वास्तवमा यहाँ उपयुक्त ठाउँमा बाटो, होटल, सुरक्षित वातावरण आदिको सुनिश्चित गर्न सके यहाँको पर्यटन उद्योग विकासमा निकै टेवा पुग्न सक्छ । यति मात्र नभई यहाँको परम्परा, लोपोन्मुख भाषा, कला, संस्कृति आदिको संरक्षण एवं प्रवर्द्धनको लागि एक राष्ट्रियस्तरको र सात प्रदेशमा प्रदेश स्तरीय सांस्कृतिक संग्रहालयहरू स्थापना गर्नसके उक्त उद्योगको विकासमा थप सघाउ पुग्नेछ ।

कोभिड-१९ को महामारी सुरू हुनुअघि अर्थात् सन् २०१९ मा यहाँ विदेशी पर्यटकहरूको आगमन दुई प्रतिशतले बढेको थियो भने उनीहरूको औसत बसाइँ अवधि १५ दशमलव एक प्रतिशत पुगेको थियो । यसबाहेक उनीहरूको प्रतिदिन खर्च विगतको तुलनामा केही वृद्धि भई ६५ अमेरिकी डलर पुगेको थियो । तर, कोभिड-१९ को चरणबद्ध महामारीपश्चात् सन् २०२० मा विदेशी पर्यटकहरूको आगमनमा झण्डै ८१ प्रतिशत कम भएको कुरा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयद्वारा प्रकाशित एक तथ्याङ्कले इङ्गित गरेको छ । उक्त अवधिमा हवाईमार्ग र स्थलमार्गबाट नेपाल भित्रिने विदेशी पर्यटकहरूको संख्या दुई लाख ३० हजारमा सीमित भयो । यसबाट यहाँको अर्थतन्त्रमा नकारात्मक प्रभाव पर्यो ।

हाल कोरोना कमजोर हुँदै गए पनि नेपाल पर्यटन बोर्डले केही समयअघि सार्वजनिक गरेको एक आकडाअनुसार यहाँको पर्यटन क्षेत्रले प्रतिदिन सरदर १० अर्ब बराबरको क्षति व्यहोर्नुपरेको थियो । यति मात्र नभई उक्त क्षेत्रमा संलग्न लगानीकर्ता तथा कामदारहरूको भविष्य अझसम्म सुनिश्चित बन्न सकेको छैन । आगामी दिनहरूमा कोरोनाको महामारी पूर्णरूपले रोकिए पनि यसको प्रभावबाट पर्यटन क्षेत्रलाई उकास्न तीनदेखि पाँच वर्षसम्म लाग्न सक्ने कुरा सम्बन्धित विज्ञहरूले बताएका छन । तसर्थ उक्त क्षेत्रको पुनरूत्थान गर्ने काम कम चुनौतीपूर्ण छैन ।

नेपाल सरकारले वर्षौंदेखि पर्यटन क्षेत्रको विकासलाई प्राथमिकता दिँदै आए पनि पर्यटकीय पूर्वाधारको कमी, आर्थिक कूटनीतिको न्यून उपयोग, नयाँ सम्भावित क्षेत्रहरूको खोजी एवं विस्तार नहुनु र हार्डवेयरमा बढी ध्यान दिई सफ्टवेयर ओझेलमा पर्नाले उक्त क्षेत्रको विकासमा समस्याहरू देखापरेका छन् । नेपालमा पर्यटन विकासका धेरै सम्भावना भए पनि यसलाई ग्रामीणस्तरसम्म पुर्याउन नसक्नाले अपेक्षाअनुसारको फाइदा लिन सकिएको छैन । योबाहेक पर्यटन क्षेत्रलाई विविधीकरण गर्न नसक्दा धेरैजसो विदेशी पर्यटकहरू काठमाडौं, चितवन, पोखरा, लुम्बिनी र जनकपुरमा केन्द्रित छन् भने बाँकी पर्यटकीय स्थलहरू ओझेलमा परेका छन् । एकातिर यहाँ विदेशी पर्यटकहरूका लागि सुविधायुक्त होटल

*बाँकी पेज ३ मा*

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# रेबिजबारे यस्तो छ, भ्रम र तथ्य

विश्व स्वास्थ्य संगठनको विश्वव्यापी रणनीतिक योजनाले सन् २०३० सम्ममा कुकुरको टोकाइले सर्ने रेबिजबाट हुने मानव मृत्युलाई शून्यमा पुऱ्याउने लक्ष्य राखेको छ । यसै सन्दर्भमा आउनुहोस् हाम्रो समाजमा रेबिज रोगका विषयमा भएका भ्रम र वैज्ञानिक तथ्यको विश्लेषण गरौं ।



***भ्रम-१:*** *आक्रामक र मुखमा फिंज भएको कुकुर वा अन्य जनावरले टोकेमा रेबिज हुन्छ ।*
**तथ्य:** कुकुरले जब आफूलाई असुरक्षित र त्रसित महसुस गर्छ त्यतिबेला टोक्ने कुरा सामान्य हो। यो कुकुरहरूको प्राकृतिक बानी नै हो । तर रेबिज लागेको कुकुरहरूले कुनै पनि व्यक्तिलाई विना कारण पनि टोक्छन् । आक्रामक र मुखमा फिंज हुँदैमा रेबिज नै हो भन्ने कुरा पनि सत्य होइन । धेरैजसो रेबिज संक्रमित जनावरहरू आक्रामक हुने भए तापनि यसको विपरित केही जनावरहरू सुरूमा धेरै निष्क्रिय देखिन सक्छन्। ज्वरो र थकान जस्ता लक्षणहरू जनावर वा मानिसमा रेबिज भएको प्रारम्भिक संकेत हो। एक संक्रमित जनावरलाई उभिरहन गाह्रो हुन सक्छ साथै छारेरोग र पक्षघातबाट ग्रस्त हुन सक्छ ।

***भ्रम-२:*** *टोकाइबाट मात्र रेबिज लाग्छ ।*
**तथ्य:** रेबिज लागेको कुकुर वा अन्य जनावरको टोकाइबाट मात्र नभई शंकास्पद जनावरको ऱ्याल शरीरको विभिन्न भिल्ली वा घाउको सम्पर्कमा आएमा समेत रेबिज रोग सर्ने संभावना हुन्छ।

***भ्रम-३ :*** *घरमा मुसा वा खरायोले टोकेमा रेबिज हुन्छ ।*
**तथ्य:** मुसा र खरायोबाट मानिसमा रेबिज रोग विरलै हुन्छ । तसर्थ घरायसी खरायो र मुसाले टोकेमा टोकाइपश्चात् दिइने रेबिज विरूद्धको खोप आवश्यक पर्दैन । तर जंगली खरायो, मुसा वा मुसा प्रजातिका जनावरले टोकेमा सरूवा रोग विशेषज्ञको सल्लाहमा खोप लगाउन उपयुक्त हुन्छ ।

***भ्रम-४:*** *रेबिज रोगको उपचार हुँदैन ।*
**तथ्य:** रेबिजको रोकथाम सम्भव छ । रेबिज रोग रूरूफैलन नदिन मानिस र जनावर दुवैका लागि खोपहरू उपलब्ध छन् । यदि तपाईंलाई रेबिज भएको शंका लागेको जनावरले टोकेको छ भने घाउलाई तुरून्तै १०–१५ मिनेटसम्म साबुनपानीले राम्ररी सफा गरी टोकेको २४ घण्टाभित्र खोप लगाउनुपर्छ। तर रोगको लक्षण देखिसकेपछि भने रेबिज रोगको उपचार सम्भव छैन ।

***भ्रम-५:*** *यदि मलाई खोप लगाएको कुकुरले टोकेको हो भने मलाई पोस्ट–एक्सपोजर मानव रेबिज खोप आवश्यक पर्दैन ।*
**तथ्य:** सैद्धान्तिक रूपमा यो कुरामा सत्यता रहेतापनि खोपको गुणस्तर, लगाएको समय, तरिका र कुकुरको शारीरिक अवस्था उपयुक्त नभएमा खोप लगाए पनि कुकुरमा रेबिज रोग देखिन सक्छ ।

त्यसैले कुकुरलाई रेबिज विरूद्धको खोप लगाइए पनि परामर्शको लागि चिकित्सककोमा जानुपर्छ। चिकित्सकले टोकेको घाउको मूल्याङ्कन गरेर पोस्ट–एक्सपोजर भ्याक्सिन आवश्यक छ कि छैन भनेर निर्क्योल गर्दछन् ।

***भ्रम-६:*** *कतिपयले अझै पनि रेबिजको उपचारका लागि पेटमा २० वा सोभन्दा बढी खोप लगाउनुपर्दछ भन्ने सोच्दछन् ।*
**तथ्य:** आजको उपचार पद्धतिमा सामान्यतया अवस्था हेरी पाखुरमा टोकेको दिन, तेस्रो दिन र सातौं दिन गरी तीन पटक खोप लगाए पुग्दछ ।

***भ्रम-७ :*** *मानिसमा रेबिज विरूद्धकोरूरू खोप लगाउँदा मानिसहरू बिरामी हुने खतरा हुन्छ र स्मरण शक्तिमा समेत असर गर्छ ।*
**तथ्य:** पुरानो मानव खोपबाट केही साइड इफेक्टहरू थिए तर नयाँ मानव खोप जुन हाल उपलब्ध छ त्यसले साइड इफेक्ट गर्दैन ।

***भ्रम-८:*** *घरपालुवा र बाहिर सम्पर्कमा नआउने कुकुर र बिरालाहरूलाई रेबिज विरूद्धको खोप लगाउन पर्दैन ।*
**तथ्य:** घरपालुवा कुकुरले पनि घरबाट लुकेर बाहिर निस्कने र छिमेकको जंगली जनावरबाट रेबिजको रूरूजोखिममा पर्न सक्छ। रेबिजबाट संक्रमित चमेरा वा अन्य सानो प्रकारका जंगली जनावर जुनसुकै बेला तपाईंको घरभित्र पसी तपाईंको कुकुरको सम्पर्कमा आएको हुनसक्छ । रेबिज एक प्राणघातक रोग भएकोले घर पालुवा र बाहिर सम्पर्कमा नआउने कुकुर र बिरालाहरूलाई रेबिज विरूद्धको खोप लगाउन उपयुक्त हुन्छ ।

***भ्रम-९:*** *गर्भवती र स्तनपान महिलालाई रेबिज विरूद्धको खोप दिंदा बच्चाहरूमा नकारात्मक असर पर्दछ त्यसैले खोप लगाउन हुँदैन ।*
**तथ्य:** सबै आधुनिक खोपहरू निष्क्रिय, सुरक्षित र प्रभावकारी हुने भएकाले गर्भवती र स्तनपान माहिलाले रेबिज विरूद्धको खोप लिन मिल्छ र बच्चालाई कुनै असर गर्दैन ।

***भ्रम-१०:*** *कम उमेरको कुकुरको बच्चाले टोक्दा खोप लगाउन पर्दैन ।*
**तथ्य:** रेबिज विरूद्धको खोप लगाइएको र रेबिज विरूद्ध लड्ने क्षमता पूर्ण रूपमा विकास भएको कुकुरबाट जन्मेको बच्चाहरूसँग कम्तीमा तीन महिनासम्मको उमेरको लागि रोगसँग लड्ने क्षमता माउबाट आएको हुन्छ। त्यसैले सामान्यतया तीन महिना भन्दा कम उमेरको कुकुरले टोक्दा खोप लिनुपर्दैन तर हामीले पालेको कुकुरको आमाबारे हामीलाई धेरै जानकारी नहुने हुँदा कम उमेरको बच्चा कुकुरले टोके पनि रेबिज विरूद्धको खोप लिनु बुद्धिमानी हुन्छ ।

*(लेखक पशु सेवा विभागमा कार्यरत पशु चिकित्सक हुन्।)*


## डेङ्गु बाट बचौं र बचाऔं,

- पारिवारिक भेटघाट र सामाजिक जमघटमा जानुअघि एकपटक ख्याल गरौं ।
- डेङ्गु संक्रमणको शंका लागेमा सार्वजनिक भेटघाट बन्द गरौ ।
- संक्रमणको पुष्टि भएपछि स्वास्थ्यकर्मीको सल्लाहअनुसार अगाडी बढौं।
- कतै हामी आफै रोग फैलाउने कारण त बनिरहेका छैनौ? विचार गरौं वरीपरीको वातावरण सफा राखौं, लामखुट्टेवाट वचौं ।

*सचेत बनौं, ससाना कुरामा ध्यान दिंदा ठूलो जोखिमबाट जोगिन र जोगाउन सकिन्छ ।*




**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इन्द्रायणी चौर, मकवानपुर**


## आर्थिक सुधारका … . .

तथा रिसोर्टहरूको संख्या एवं गुणस्तर दुवै कमजोर छन् भने अर्कोतिर यहाँको प्रमुख गन्तव्यस्थल सुविधायुक्त यातायात प्रणालीले जोड्न सकिएको छैन । बेलाबेलामा गरिने बन्द, हडताल र कमजोर शान्ति सुरक्षाको कारण यहाँको पर्यटन विकासमा समस्या थपिएको छ ।

यहाँ बेलाबेलामा विदेशी पर्यटकहरू लुटिएका, कुटिएका र मारिएका घटनाहरू सञ्चार माध्यमहरूमा प्रकाशमा आउँछन् । जबसम्म उनीहरूको सुरक्षाको प्रत्याभूत हुँदैन, तबसम्म उनीहरूको संख्या एवं बसाइँ अवधि बढ्न सक्दैन र यो देशलाई खासै फाइदा हुँदैन । आगामी दिनहरूमा यस सम्बन्धमा सुधार नभएमा विकराल समस्याको रूपमा देखापर्नेछ । नेपालमा भरपर्दो सूचना प्रवर्द्धन केन्द्रहरूको कमीको कारण यहाँका कला, संस्कृति एवं प्राकृतिक दृश्यहरूको बारेमा राम्ररी प्रचार–प्रसार गर्न सकिएको छैन । त्यसैले यहाँको पर्यटन उद्योगमा सोचेअनुरूप विकास गर्न सकिएको छैन ।

वस्तुतः यहाँको मौलिक संस्कृतिको प्रचार–प्रसार एवं प्रवर्द्धनको तुलनामा विदेशी छाडापन र खुलापनको नक्कलले यहाँका सामाजिक तथा सांस्कृतिक विकृतिहरू बढिरहेका छन् । सोबाहेक यहाँ पर्यटकहरूका लागि सुविधायुक्त होटल तथा रिसोर्टहरूको संख्या एवं गुणस्तर कम छ । जसले यहाँको पर्यटन विकासमा समस्याहरू थपेका छन् । प्रत्येक १० लाखको लगानीबाट उद्योग तथा कलकारखानाले १३, कृषिले ४५ र पर्यटन उद्योगले ८९ रोजगारी सिर्जना गर्ने तथ्य प्रकाशमा आएको छ । तसर्थ, पर्यटन उद्योगमा गरिएको लगानीले सर्वसाधारणको जीवनस्तरमा तत्काल सकारात्मक प्रभाव ल्याउन सक्ने कुरामा दुईमत नहोला ।

देश र जनताको लागि महत्वपूर्ण मानिएको पर्यटन उद्योगमा सहज पहुँच (एयर कनेक्टिभिटी) को समस्यालाई समाधान गर्न हामीले आजसम्म पहल गर्न सकेका छैनौँ । यहाँ न त हवाई मार्गको समस्या राम्ररी समाधान गर्न सकिएको छ न त फुल फ्लेज्ड अन्तर्राष्ट्रिय विमानस्थलको पहल अगाडि बढ्न सकेको छ । एक तथ्यांकअनुसार नेपालमा पर्यटकहरूको सालाखाला बसाइँ १५ दशमलब ५ दिन छ । सन् २०२० मा यहाँ प्रतिपर्यटकले प्रतिदिन ६५ डलर खर्च गरेका थिए । सन् २०२१ मा उक्त रकम ४८ डलर मात्र थियो ।

वस्तुतः पर्यटकहरूको बसाइ र उनीहरूले गर्ने खर्चले यहाँको पर्यटन उद्योगमा सकारात्मक प्रभाव पर्छ । त्यसैले एकतर्फ यहाँ पर्यटकहरूको संख्या बढाउनुको साथै उनीहरूको बसाइ लम्ब्याउन आवश्यक छ भने अर्कोतर्फ प्रतिपर्यटकले गर्ने दैनिक खर्च बढाउनेतर्फ सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूको ध्यान यथाशीघ्र आकृष्ट हुनुपरेको छ । यसैगरी अरू देशहरूले पाँच रूपैयाँ नपर्ने कामलाई हजारौँ रूपैयाँमा बिक्री गर्न जानेझैँ नेपालले पनि आफ्नो पर्यटकीय प्रस्तुतिलाई सुधार्दै झोले पर्यटकहरूलाई दुरूत्साह गर्न आवश्यक छ भने उच्च स्तरका पर्यटकहरूलाई प्रोत्साहन दिन जरूरी छ ।


## नगरौं विवाहका कुरा: भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




**बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।**

*"सानै छु बढन देउ, विवाह हैन पढन देउ"*

**थाहा नगरपालिका**
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

## थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, भिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**इन्द्रायणी चौर, मकवानपुर**

# शिक्षकहरूलाई नाक, कान, घाँटी सम्बन्धी एक दिने अभिमुखीकरण



◆ विकास संवाददाता

थाहा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा शिक्षकहरूका लागि एकदिने आँखा, नाक, कान, घांटी तथा मुख स्वास्थ्य सम्बन्धि अभिमुखीकरण कार्यक्रम १ असोजमा भएको छ । पालिकाको सभाहलमा भएको कार्यक्रममा प्राथमिक विद्यालयका २५ जना शिक्षकहरूको उपस्थिती रहेको थियो ।

कार्यक्रमका सहभागीहरूलाई पालुङ प्राथमिक स्वास्थ्य केन्द्रका डाक्टर पवन कार्कले सहजीकरण गरेका थिए । डाक्टर कार्कीले विशेषतः आखाको हेरचाह, स्वस्थ आखाको पहिचान, आखाको प्रमुख रोगहरू उपचार नियन्त्रण, कानका प्रमुख समस्या, कानबाट पिप बग्ने तथा संक्रमण हुने लगायतको विषयमा सहजीकरण गरेका थिए । उनले सो अवसरमा कान चिलाउने कान दुख्ने कान कम सुन्ने कानमा बाहिरी वस्तु पस्नु रिंगटा लाग्ने कानमा संक्रमण हुने कारणहरू, नाकको प्रमुख समस्याहरू रोकथाम प्राथमिक उपचार घाँटीको र मुखको प्रमुख समस्या र तिनको प्राथमिक उपचारको बारेमा समेट उनले सहभागीहरूलाई जानकारी गराएका थिए ।

कार्यक्रमका सहभागीहरूलाई दैनिजसो बालबालिकासंगै हुने शिक्षकले तालिममा सिकेका कुरलाई व्यवहारमा उचार्नु आवश्यक भएको औल्याए । तालिम समापन कार्यक्रममा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी, शिक्षा शाखा प्रमुख माधव विक्रम मल्ल, स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीलगायतकाको विशेष उपस्थिती रहेको थियो ।

# मनहरीले आलु र प्याज खेतीमा अनुदान दिने

◆ विकास संवाददाता

मकवानपुरको मनहरी गाउँपालिकाले किसान लक्षित अनुदान प्याकेज ल्याएको छ । मकवानपुरको थाहा नगरपालिका पछिको दोश्रो ठूलो तरकारी उत्पादन हुने क्षेत्र मनहरीले आलु र प्याजको व्यवसायिक खेती गर्ने किसान लक्षित अनुदान प्याकेज ल्याएको हो ।

गाउँपालिकाले तीन काट्ठा भन्दा धेरै प्याज खेती गर्ने किसानलाई प्रतिकाट्ठा २ हजार ५०० र सोही बराबरको आलु खेती गर्ने किसानलाई प्रतिका १ हजार ५०० रूपैयाँ अनुदान व्यवस्थापन गरेको मनहरी वडा नम्बर ४ का अध्यक्ष एवम् आर्थिक विकास समिति संयोजक प्रकाश थापाले बताए । उनले भने, 'यो योजना व्यवसायिक खेती गर्ने किसानको लागि मात्र हो, त्यसैले हामीले कम्तीमा ३ काको मापदण्ड तोकेका छौं ।'

बिघा खेती गर्छु भनेर आउनेलाई पनि यो योजनामा सामेल गराउने उनको भनाइ छ । चालू आर्थिक वर्षमा गाउँपालिकाले ७ लाख रूपैयाँ अनुदानको लागि बजेट बिनियोजन गरेको उनले जानकारी दिए । उनले किसानको माग बढेको अवस्थामा थप बजेट व्यवस्था गर्ने बताए । किसानले उत्पादन गरेको आलु र प्याजलाई निःशुल्क कोल्डस्टोरमा समेत राखिदिने उनको भनाइ छ । जसको लागि हेटौंडामा रहेको दुर्गा कोल्डस्टोर सँग सम्झौता भैसकेको थापाले बताए । 'मनहरीमा अहिले सरकारी लगानीको कोल्ड स्टोर निर्माणाधीन छ सोभन्दा अघि हामीले किसानको उत्पादन राख्न सम्झौता गरिसकेका छौं', उनले भने । एक कामा आलु वा प्याज रोप्न, खेत जोत्न र अन्य ज्याला, केही बीउ किन्नसमेत पुग्नेगरी अनुदान दिँदा किसानहरू उत्साहित हुने गरी आफूहरूले अनुदान योजना ल्याएको गाउँपालिकाको धारणा छ । ४० हजार जनसंख्या रहेको मनहरीमा करिब ८० प्रतिशत गाउँबासी कृषि पेशामा छन् ।

यहाँ आलु, काउली, बन्दा, काँक्रो, भन्टा, मटरकोशालगायतको व्यवसायिक उत्पादन हुने गरेको छ । पछिल्लो समय ड्रागन खेती, कागती, अम्बा र कुरिलो खेतीतर्फ पनि मनहरीका किसान लागिपरेका छन् ।




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# पालुङ बहुउद्देश्यीयबाट खाद्यन्न बिक्री शुभारम्भ




◆ विकास संवाददाता

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले संविधानको कार्यान्वयनका लागि ऐक्यबद्ध हुनुपर्ने बताएकाछन् । नेपालको संविधान विश्वमै उत्कृष्ट रहेको बताउँदै कार्यान्वयन आवश्यक रहेको गोपालीको भनाइ थियो । संविधान दिवसको अवसरमा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले आयोजना गरेके शुभकामना आदानप्रदान कार्यक्रममा गोपालीले यस्तो बताएका हुन् ।

'संविधान राज्यको मूल कानुन भएकाले यसको मर्म र भावनाबमोजिम राज्य व्यवस्था सञ्चालन गर्नु पर्दछ' उनले भने–'जनताका आधारभूत हकअधिकार कार्यान्वयनका संघ र प्रदेश सरकार थप प्रतिवद्ध हुनुपर्दछ ।'

नेकपा एमाले थाहाका अध्यक्ष सुरेन्द्रमान प्रधानले नेपालको संविधानले समाजमा भएका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको वताए । उनले भने,–'सार्वभौमसत्ता नेपाली जनतामा निहित भइ जनता राज्य शक्तिको स्रोत भएका छन् ।' नेकपा माओवादी केन्द्रका थाहा नगर सचिव लक्ष्मण बिष्टले सशस्त्र संघर्ष तथा जनआन्दोलनको क्रममा जीवन उत्सर्ग गर्ने शहीदप्रति श्रद्धाञ्जली व्यक्त गर्दै राष्ट्रिय एकता सुदृढीकरणका लागि संविधानको प्रभावकारी कार्यान्वयनमा सबैले लाग्नु पर्ने बताए । कार्यक्रममा थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकालले संविधानले नेपाली समाजलाई बृहत् राष्ट्रिय एकताको सूत्रमा जोडेको बताए ।

यसैबीच संविधान दिवसको अवसरमा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाले थाना बजारमा सुपथ मूल्य पसल सञ्चालनमा ल्याएको छ । पसलको थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले उद्घाटन गरे । उपभोक्तालाई सहुलियत दरमा दैनिक उपभोग्य वस्तु उपलब्ध गराउने उद्देश्यले साल्ट ट्रेडिङ कर्पोरेसनको सहकार्यमा सहुलियत मूल्य पसल सञ्चालनमा ल्याइएको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष कृष्ण बहादुर बिष्टले बताए । उनले आफ्नो सेवा विस्तार गर्ने क्रममा खरिद मुल्यमा थोरै नाफा राखेर साल्ट ट्रेडिङकै रेटमा उपभोक्ताहरूलाई दैनिक उपभोग्य सामान उपलब्ध गराइने जानकारी दिए ।

संस्थाका उपाध्यक्ष अरूण रायमाझीले साल्ट ट्रेडिङको आधिकारीक बिक्रेता भएको हुँदा कालिमाटीकै मूल्यमा सामान बिक्री गरिने बताए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहानगरको शंङ्कमूल महिमा: 'स्नान मात्र गरे पनि यज्ञ लगाए सरह हुन्छ'



◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको शंङ्खमूल धार्मिक दस्तावेजहरूको आधारमा विश्वकै पवित्र स्थलको भएको विषयमा छलफल भएको छ। थाहा नगर पालिकाको आयोजनामा १ असोजमा घट्टेचौर शंङ्खमूलमा भएको स्थानीय अगुवाहरूको भेलामा उक्त धार्मिक दस्तावेजहरूको विषयमा छलफल भएको हो। मठाधीस अनन्त श्रीविभूषित स्वामी श्रीचतुर्जुजाचार्य चूडामणिजी महाराजले शंङ्खमूलको विषयमा प्रमाणसहित उपस्थित सबैलाई प्रष्ट्याएका हुन्।

यस क्षेत्रका बुढापाका र धार्मिक अगुवाहरूले विश्वकै तीन शंङ्खमूल मध्येको एक भनिदै आएको भएपनि महाराजले उक्त छलफलमा प्रमाण नै पेश गरेका छन्। चूडामणि महाराजले धार्मिक ग्रन्थहरूको आधारमा थाहाको शंङ्खमूल विश्वकै पवित्र भूमि भएको सबैका सामू प्रष्ट पार्दै भने-'हिमवत खण्डको अध्याय ११२ मा यो शंङ्खमूलको विषयमा स्पष्ट उल्लेख गरिएको छ, यो भन्दा ठूलो प्रमाण के चाहियो ?' सो अध्यायमा शंङ्खमूल कसरी भयो, यसका आसपास अरू पवित्र धार्मिक स्थल के के छन ? सबै बेलीविस्तार लगाइएको



मठाधीस अनन्त श्रीविभूषित स्वामीले सबैलाई पाना पल्टाइ-पल्टाई प्रमाणसहित सुनाए।

थाहा नगरपालिकाका नगर प्रमुख विष्णु बहादुर विष्टको अध्यक्षताम भएको कार्यक्रममा शंखमुलसहित स्थानीय वस्तुस्थितीको विषयमा पालुङका रामप्रसाद ढकालले प्रष्ट्याएका थिए। उनले हालको थाहा नगरपालिका भित्र पर्ने विभिन्न शक्तिपीठ, शिवलिङ्ग तथा अन्य देवालयहरूको धार्मिक महत्व र हुँदै आएको विश्वासको विषयमा बताए। कार्यक्रममा सहभागी भएकाहरू परम्परादेखि सुन्दै आएको शंखमूलको विषयमा जान्न निकै उत्सुक देखिन्थे।

थाहा नगरपालिकाका नगर उपप्रमुख



भरत गोपालीले शंखमूलको विषयमा सर्वत्र सहजै जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए। उनले छलफलका लागि आफूले पहिले देखि नै निकै जिज्ञासा राख्दै आएको र प्रमाणित स्रोतको खोजी गर्ने क्रममा मठाधीस अनन्त श्रीविभूषित स्वामी श्रीचतुर्जुजाचार्य चूडामणिजी महाराज समक्ष पुगेको कार्यक्रममा जानकारी गराए। उपप्रमुख गोपालीले भने-'आफू निर्वाचित पालिकामै रहेको पवित्र धार्मिक स्थललाई कसरी सबै सामु चिनाउन सकिएला भन्ने दौरानमै छु र यस क्षेत्रको विकासका लागि प्रतिवद्ध पनि छु।' उनी थप्छन्-'मेयर सापले शंङ्खमूलको विषयलाई तपाई अघि बढाउनुस् संगै पनि छु भनेपछि म त्यसका लागि अघि बढें र आजको यो जमघट हुन सफल भयो।' मठाधीस अनन्त श्रीविभूषित स्वामी श्रीचतुर्जुजाचार्य चूडामणिजी महाराजको टिम र कार्यक्रमका सहभागीहरू सबैप्रति उपप्रमुख गोपालीले खुशी बाँडे।

मठाधीस अनन्त श्रीविभूषित स्वामी श्रीचतुर्जुजाचार्य चूडामणिजी महाराजले प्रमाणमा आधारित भएर बताउनु भएको शंङ्खमूलको सवालमा नगर प्रमुख विष्णु बहादुर विष्टले खुशी व्यक्त गरे। आफूले सुनेका कुराहरू प्रमाणकै रूपमा पाउँदा निर्धक्कताको महशुस भएको विष्टले सुनाए। शंखमूललाई धार्मिक क्षेत्रको रूपमा विकास गर्नका लागि पालिकाको पहलमा केही कामहरू भैरहेको बताउँदै वृहत्तर शङ्खमूल विकास समिति गठन गरेरै अघि बढ्ने बताए। 'पालिकासंग थोरै बजेट हुन्छ, विकासका काममा छेउ पनि पुग्दैन, त्यसैले स्वामी ज्यूको पनि सहयोगको अपेक्षा गरेका छौं', प्रमुख विष्टले भने-'संघ र प्रदेश सरकारसंग पनि हामी पहल कदमी गर्छौं।' पवित्र स्थल शंखमूलको विकासका लागि सरकार र समुदाय सबै एक हुनुपर्ने प्रमुख विष्टको भनाइ थियो।

मठाधिस अघिल्लो दिन ३१ भाद्रमै थाहानगर आइपुगेका हुन्। विभिन्न व्यवस्थाताकाबीच पनि यो पवित्र भूमिका पाइला टेक्न आफू समक्षम भएको उनले खुलासा गरे। उनीसंगै टोलीमा पण्डित राजकुमार खनाल, नेपाल ज्योतिष परिषदका केन्द्रिय सदस्य चोलेन्द्र रिजाल, लक्ष्मण श्रीनिवास रामानुदास, राम प्रशन्न बराल, बासुदेव रामानुदासलगायत धार्मिक व्यक्तित्वहरूको उपस्थिती रहेको थियो। सो कार्यक्रममा थाहा नगरपालिकाका वडाध्यक्षहरू, राजनीतिक दलका प्रमुखहरू, स्थानीय धार्मिक संघसंस्थाका अध्यक्ष तथा प्रतिनीधिहरू र विभिन्न सामुदायिक संघसंस्थामा आवद्ध व्यक्तित्वहरूको उपस्थिती रहेको थियो।

# थाहा नगरस्तरीय डिजिटल हाजिरी जवाफ प्रतियोगितामा इअन प्रथम

◆ विकास संवाददाता

शिक्षा दिवशको अवसरमा थाहा नगरपालिकाको स्थित जनकल्याण माविले आयोजमा गरेको माविस्तरीय अन्तर विद्यालय डिजिटल हाजिरी जवाफ प्रतियोगितामा इअन एकेडेमी प्रथम भएको छ। प्रतियोगितामा पालुङ भ्याली हार्ट एकेडेमी द्वितीय, हिमालयन इङ्लिस सेकेन्डरी बोर्डिङ स्कुल तृतीय र कुन्छालस्थित सुनौला माविले



सान्त्वना स्थान हासिल गरेको छ।

प्रतिगोगिताका प्रथमलाई नगद ६ हजार, द्वितीयलाई ४ हजार ५ सय, तृतीयलाई ३ हजार र सान्त्वना १ हजार ५ सय, टूफी, मेडल तथा प्रमाणपत्र वितरण गरिएको थियो। प्रथम पुरस्कार पालुङ भ्याली हार्ट एकेडेमी, द्वितीय हिमालयन इङ्लिस सेकेन्डरी बोडिङ स्कुल, तृतीय पालुङ अंग्रेजी आवासीय माध्यमिक विद्यालय, सान्त्वना पालुङ मोडर्न इङ्लिस मिडियम स्कुल र ट्रफी हिमशिखर अपसेट प्रेसले सौजन्य गरेको हो।

प्रतियोगितामा थाहानगरका १३ वटा विद्यालयको सहभागिता रहेको थियो। थाहानगरमा अन्तर विद्यालयस्तरीय डिजिटल हाजिरी जवाफ प्रतियोगिता पहिलो पटक आयोजना भएको हो।

जनकल्याण विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजिव कुमार स्याङ्तानको अध्यक्षता तथा नगर शिक्षा शाखा प्रमुख माधव विक्रम मल्लको प्रमुख आतिथ्यतामा भएको पुरस्कार वितरण कार्यक्रममा प्याव्सन थाहा नगरका अध्यक्ष सुरेन्द्रमान प्रधान, प्रमुख अतिथि मल्ल, प्रधानाध्यापक सानोभाइ कार्कीलगायतले बधाई तथा शुभकामना व्यक्त गरेका थिए।

थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं।

- जन्म, मृत्यु, बिवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं।
- बालश्रम, बालबिवाह रोकौं, निर्णायकमा बालबालिका सहभागीता थपौं।
- बालवालिकाको पालपोशण र शिक्षामा लगानि गरौं।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।
- हरेक बालवालिकाले शिक्षा पाउनु उनिहरको नैसर्गिक अधिकार हो, त्यसैले बिद्यालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्यूदर घटाऔं।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं। स्वच्छ र शान्त वातावरण कायम गरौं।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



